**BHOTE KOSHI POWER COMPANY (P) LTD.**
BKPC
P.O.BOX 15153,TAHACHAL, KATHMANDU, NEPAL, Tel: 977-1-4270027, Fax: 977-1-4273516
Email: query@bkpc.com.np, plantoffice@bhotekoshi.com URL: www.bhotekoshi.com.np

मिति: २०७६।११।१५

श्रीमान् प्रमुख कार्यकारी अधिकृत ज्यु
भोटेकोशी गाउँ कार्यपालिकाको कार्यालय
फूल्पिङट्टी, सिन्धुपाल्चोक
३ नम्बर प्रदेश, नेपाल ।

बिषय : **सिफारीस गरी पठाई दिन हुन ।**

महोदय,

यस भोटेकोशी पावर कम्पनी प्रा.ली. (कम्पनी) को माथिल्लो भोटेकोशी जल बिद्युत परियोजना कार्यालय, झिर्पूमा यसै साथ संलग्न विज्ञापन अनुसारको पदमा नयाँ भर्नाद्धारा पदपूर्ती गर्दा भोटेकोशी गाउँपालिकामा स्थायी बासोबास गर्ने नेपाली नागरीकहरुलाई बिशेष प्राथमिकता दिन लागेको व्यहोरा जानकारी गराउँदछौ । तसर्थ, संलग्न बिज्ञापनको जानकारी गाउँबासीलाई दिने प्रयोजनार्थ तहाँ कार्यालयको सुचना पाटिमा टाँस गर्ने व्यवस्था गरिदिनु भई त्यस गाउँपालिकाको स्थायी बासिन्दाहरु मध्ये बिज्ञापनमा तोकिएको योग्यता पूगेका उम्मेद्वारहरु छन् भने निजहरुको ब्यक्तिगत बिबरण (बायो-डाटा) सहितको सिफारिस-पत्र प्रकाशित मितिबाट पन्द्र (१५) दिनको ५ बजे भित्रमा यस कम्पनीको परियोजना कार्यालय, झिर्पुमा पठाइ सहयोग गरि दिन हुन सादर अनुरोध गर्दछौं ।

भवदिय

Bhote Koshi Power Company Pvt. Ltd.
Tahachal

.......................
बिक्रम रत्न स्थापित
प्रमुख कार्यकारी अधिकृत

प्र.प्र.
सूचना पाटीमा टाँस गरी
सबै वडा कार्यालयलाई जानकारी

# बिज्ञापन

**भोटेकोशी पावर कम्पनी प्राईभेट लिमिटेड**

**माथिल्लो भोटेकोशी जल बिद्युत परियोजनाको निमित्त**

**प्रकाशित मिति: २०७६/११/१५ (27th Feb 2020)**

भोटेकोशी पावर कम्पनी प्राईभेट लिमिटेड (कम्पनी), ईच्छुक नेपाली नागरीकहरुबाट माथिल्लो भोटेकोशी जल बिद्युत परियोजनाको साईट कार्यालय फिर्पु, फुल्पीडकट्टी, सिन्धुपाल्चोक मा कार्य गर्ने गरि **जुनियर ओ एण्ड एम ईन्जियिनर (Junior O & M Engineer)** पदको लागी दरखास्त आवहान गर्दछ । छनौट गरिएको ब्यक्ति लाई छ (६) महिनाको परिक्षणकालमा रहने गरि नियुक्ति दिईने छ र सो को समाप्ती पश्चात कम्पनीको ब्यवस्थापकले निज श्रमिकको कार्यसम्पादनको पुनरावलोकन गरि सेवाको निरन्तरता हुने वा नहुने सम्बन्धमा निर्णय गर्ने छ । यो पद सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिका भित्र स्थायी बसोबास गर्ने स्थानीय बासीन्दाहरुको लागी बिशेष प्राथमिकतामा राखिएको छ ।

**आवश्यक शैक्षिक योग्यता**

- चार बर्षे स्नातक तह ईलेक्ट्रीकल, ईलेक्ट्रोनिक्स, मेकाट्रोनिक्स, हाईड्रोपावर, मेकानिकल वा सिभिल ईन्जिनियरीङ्ग बिषय पास गरि कम्तीमा दुई देखि तिन बर्ष सम्मको सम्बन्धीत बिषयमा पेशागत अनुभव भएको ।
- नेपाली नागरिकताको प्रमाणपत्र भएको ।
- आवेदन दिने दिनसम्म तिस बर्ष उमेर पुरा नभएको ।
- कार वा मोटरसाईकल चलाउने लाईसेन्स भएको । तर कारको लाईसेन्स नभएको उमेदवारको हकमा निज छनौट भएको अवस्थामा निजले परिक्षणकाल सन्तोषजनकढंगबाट पुरा भई कम्पनीको सेवामा नियमित भएमा नियुक्तिको एक बर्ष भित्र निजले आफ्नै खर्चमा लाईसेन्स लिनु पर्ने छ ।

**अन्य आवश्यक दक्षता**

- ईलेक्ट्रीकल ईन्जिनियरीङ्ग बिषयमा अध्ययन गरेको आवेदकले कम्तीमा ईलेक्ट्रीकल ईक्युपमेन्ट, ईलेक्ट्रोमेकानिकल ईक्युपमेन्ट र ईलेक्ट्रीकल कन्ट्रोल सिस्टम बुझेको र यस

Bhote Koshi Power Company Pvt. Ltd.

सम्बन्धी अन्तरराष्ट्रिय मापदण्डको ज्ञान भएको । ईलेक्ट्रीकल नक्सा (Drawing) लाई पुनरावलोकन र बिश्लेषण गर्न सक्ने हुन पर्ने ।

- मेकानिकल ईन्जिनियरीङ्ग बिषयमा अध्ययन गरेको आवेदकले कम्तीमा मेकानिकल ईक्युपमेन्ट, हाईड्रो मेकानिकल ईक्युपमेन्ट, ईलेक्ट्रोमेकानिकल ईक्युपमेन्ट र हाईड्रोलिक कन्ट्रोल सिस्टम बुझेको र यस सम्बन्धी अन्तरराष्ट्रिय मापदण्डको ज्ञान भएको । मेकानिकल एवं हाईड्रोलिक नक्सा (~~म्चबधष्लन~~ Drawing) लाई पुनरावलोकन र बिश्लेषण गर्न सक्ने हुन पर्ने ।
- कम्प्युटरमा राम्रो दक्षता, कम्तीमा Windows, MS Office, AutoCAD चलाउन सक्ने हुन पर्ने ।
- हाईड्रो प्लान्ट सञ्चालन र मर्मतसम्भारमा ज्ञान भएका उमेदवारलाई प्राथमिकता दिईने छ ।
- चाईनिज (म्यानडेरियन) भाषामा बोल्न सक्ने उमेदवारलाई प्राथमिकता दिईने छ ।

## आवेदन बुझाउने मिति र स्थान

- सबै ईच्छुक स्थानीय उम्मेदवारहरुले **प्रकाशित मिति बाट पन्द्र (१५) दिनको ५ बजे भित्र** आफनो ब्यक्तिगत बिबरण (Bio-data/CV) सहितको आवेदन कम्पनीको साईट कार्यालयमा बुझाउन सक्ने छन् । म्याद समाप्त भए पछि दरखास्त बुझिने छैन ।

**नोट :** कम्पनीले छनौट भएका उम्मेदवारहरुलाई थप प्रकृयाका लागी सुचित गर्ने छ । छनौट प्रकृयाको चरणमा कम्पनीले उमेदवारहरुले गर्नु पर्ने कार्यको बिस्तृत विवरण, कार्य समय, निजहरुले पाउने तलव भत्ता र अन्य सुविधाका बिषयमा आवश्यकतानुसार व्यक्तिगत तवरमा जानकारी गराईने छ । कम्पनीले निष्पक्षरुपमा छनौट गर्ने भएकोले यस बिषयमा ब्यक्तिगत सोधपुछ र सर्म्पक गरेमा उम्मेदवारलाई अयोग्य घोषणा गर्न सकिने र यस्ता कार्यलाई पुर्णतया निरुत्साहन गरिएको छ ।

Bhote Koshi Power Company Pvt. Ltd.
Tahachal